तारकेश्वर नगरपालिका
तारकेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धर्मस्थली, काठमाण्डौं

## मिति २०८२।०६।२६ गते बसेको ७१ औं कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

**प्रस्तावहरु:**

१. सार्वजनिक जग्गा संरक्षण सम्बन्धमा।
२. निर्वाचन मतदान केन्द्र परिवर्तन सम्बन्धमा।
३. SEE परिक्षा केन्द्र कायम सम्बन्धमा।
४. गत आ.व. मा सम्झौता भई भुक्तानी बाँकी योजनाहरुको म्याद थप र श्रोत सुनिश्चितता सम्बन्धमा।
५. नवौं तहको सि.डि.ई. को नियुक्ति/पदस्थापना सम्बन्धमा।
६. ढुंगा, गिट्टी, बालुवाको ठेक्का आव्हान सम्बन्धमा।
७. तारकेश्वर नगरपालिका योजना तर्जुमा, संचालन तथा व्यवस्थापन कार्यविधि संसोधन सम्बन्धमा।
८. विविध।

**निर्णय नं. १:**

प्रस्ताव नं. १ मा छलफल गर्दा यस तारकेश्वर नगरपालिका क्षेत्र भित्र पर्ने सरकारी, सार्वजनिक जग्गा खोजि पहिचान तथा संरक्षणका लागि नगरपालिकामा सिफारिस गर्न देहायका एक सरकारी, सार्वजनिक सम्पति जग्गा खोजि पहिचान तथा संरक्षण समिति गठन गर्ने निर्णय गरियो।

तपशिल

| | |
|---|---|
| संरक्षक | नगर प्रमुख |
| सल्लाहकार | उप-प्रमुख |
| संयोजक | प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य | वडा अध्यक्ष (सम्बन्धित वडाको) |
| सदस्य | राजश्व/योजना शाखा प्रमुख |
| सदस्य | अमिन शाखा प्रमुख |
| सदस्य | स्थानीय सामुदायिक संस्था/नागरिक समाजका प्रतिनिधि |
| सदस्य | नगर प्रहरी प्रमुख |
| सदस्य सचिव | भुमि शाखा प्रमुख |

CamScanner

**निर्णय नं. २:**

प्रस्ताव नं. २ मा छलफल गर्दा यस तारकेश्वर नगरपालिका वडा नं. ५ स्थित भैरवपाटी मतदान केन्द्र र साविक मनमैजु गा.वि.स. केन्द्र भौतिक पूर्वाधार नभएको तथा साघुरो भई व्यवस्थापन गर्न असहज भएको भनि मिति २०७९/१०/१५ गते को निर्णय भएको हुँदा भैरवपाटी मतदान केन्द्रको सट्टा पृथ्वीनारायण मा.वि. र साविक मनमैजु गा.वि.स. केन्द्रको सट्टा पिपलडाँडा चौर खेल मैदानलाई मतदान स्थल केन्द्रमा परिवर्तन गर्ने निर्णय स्वरूप सम्बन्धित निकायमा पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:**

प्रस्ताव नं. ३ मा छलफल गर्दा यस तारकेश्वर नगरपालिकाका SEE परिक्षाका सहभागी बिद्यार्थीहरुको परिक्षा केन्द्र यस तारकेश्वर नगरपालिका भित्र रहेका सामुदायिक बिद्यालयहरुमा मा नै परिक्षा केन्द्र कायम गर्न जिल्ला शिक्षा बिकास तथा समन्वय ईकाई, काठमाडौँ लाई पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:**

प्रस्ताव नं. ४ मा छलफल गर्दा गत.आ.व. मा सम्झौता भई निर्माण सम्पन्न भएका तर विविध कारणबाट आयोजनाका भुक्तानी/फरफारक हुन् नसकेका आयोजनाहरुको ६ महिना म्याद थप गर्ने तथा ति आयोजनाको सुत्र प्रणालीमा भएको श्रोत सुनिश्चितता अनुसार भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:**

प्रस्ताव नं. ५ मा छलफल गर्दा नेपाल सरकार, बागमती प्रदेशको स्थानीय तहका सेवाको गठन तथा संचालन संबन्धम व्यवस्था गर्न बनेको ऐन , २०७९ को दफा १७ उपदफा १ बमोजिम यस तारकेश्वर नगरपालिकामा रिक्त पद ईन्जिनियरिङ् सेवा, सिभिल समूह, सि.डी.ई. नवौ तहमा नियुक्ति तथा पदस्थापनाका लागि सिफारिस भएका ई. लव कार्की (क.सं.नं. ३-२८-४२९५-०३६८७) लाई २०८२/०२/०२ गते देखि जेष्ठता लागुहुने गरी नियमानुसार नियुक्ति तथा पदास्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६:**

प्रस्ताव नं. ६ मा छलफल गर्दा आ.व. २०८२/०८३ को लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड घ(६) मा व्यवस्था भए बमोजिम स्थानीय सरकारको अधिकार क्षेत्र भित्र ढुंगा, गिट्टी, वालुवा र माटो, काठ, दौरा, जडिबुटी, स्लेट, खरीढुंगा आदि प्राकृतिक एवं खानिजन्य बस्तुको बिक्री तथा निकासी शुल्क दस्तुर संकलन गर्न प्रदेश आर्थिक ऐन,२०८२ मा उल्लेखित दररेट, मिति २०८१/०५/२८ गते कार्यपालिका बैठकबाट स्वीकृत तारकेश्वर नगरपालिकामा रहेको महादेव खोला, साङ्गले खोला र चुनी खोलाको बोभिन्न बगर क्षेत्रबात् बालुवा उत्खनन/संकलनका लागि स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनमा उल्लेख भएको परिमाण र गत आ.व. हरुमा नगरपालिकाले निकालेको बिक्री ठेक्का अंक पूर्वाधार शाखाबाट पेश भएको लागत अनुमान रु. १,८४,०५,८१८.१९/- मिति २०८२ असोज २२ गते बसेको राजश्व परामर्श समितिको बैठकबाट समेत सिफारिस भएकोले आ.व. ०८२/०८३ को लागि नगरपालिका क्षेत्र भित्रको ढुंगा, गिट्टी, बालुवा र माटो लगाएतका बस्तुहरुको बिक्री तथा निकासी शुल्क दस्तुर रु. १,८४,०५,८१८.७९/- (भ्याट बाहेकको न्युनतम बिक्री ठेक्का अंक) कायम गरी ई-बोलपत्र आब्ह्वान गर्न स्वीकृति दिने निर्णय गरियो ।

**निर्णय नं. ७:**

प्रस्ताव नं. ७ मा छलफल गर्दा तारकेश्वर नगरपालिका योजना तर्जुमा, संचालन तथा व्यवस्थापन कार्यविधि, २०७४को परिच्छेद ४ को अनुगमन एवं मुल्यांकन को दफा २४ (१) सुपरिवेक्षण तथा अनुगमन समिति तपशिल बमोजिम गठन हुने गरी कार्यविधि पहिलो संसोधन अनुमोदन गर्ने निर्णय गरियो।

तपशिल

| | |
|---|---|
| संयोजक | उप-प्रमुख |
| सदस्य | सम्बन्धित वडा अध्यक्ष |
| सदस्य | पूर्वाधार शाखा प्रमुख |
| सदस्य | नगर प्रमुखले तोकेको का.पा. सदस्य १ जना |
| सदस्य सचिव | योजना शाखा प्रमुख |

**निर्णय नं. ७:**

**विविध:**

क) फिरादी राज कुमार बस्नेतले NIC Asia Bank को नाममा दर्ता कायम रहेको काठमाडौँ जिल्ला काभ्रेस्थली गा.वि.स. वडा नं. ५/ङ कि.नं. ३२० को क्षे.फ.०-८-१-० जग्गा र सो जग्गामा निर्मित घर तथा टहरा समेत पास गरी लिएकोमा उक्त घरमा भाडामा बसी आएकोमा ता.न.पा. २ वडा कार्यालयमा घर खाली गरिपाउ भनि निवेदन दिएकोमा वडामा छलफल गराउँदा समेत घर खाली गर्न ईन्कार गरेको हुँदा मिति २०८१/१२/२७ मा न्यायिक समितिमा निवेदन प्राप्त भएको र सो निवेदन उपर मिति २०८२/०२/१६ गते ३५ दिन भित्र घरटहरा खाली गर्ने फैसला समेत भएको हुँदा उक्त घरटहरा खाली गर्न आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो।

ख) नेपाल सरकार, महालेखा नियन्त्रण कार्यालयबाट संचालित सुत्र मोड्युलको राजश्व सफ्टवयर संचालनमा ढिला सुस्ती भएकोले आवश्यक सहजीकरणका लागि महालेखा नियन्त्रण कार्यालयलाई पत्राचार गर्ने निर्णय गरियो।

ग) यस तारकेश्वर नगरपालिकाको कार्यालय तथा मातहतका कार्यालयहरुमा बिद्यमान प्रयोगमा आउन नसक्ने तथा भदौ २३ -२४ को Gen-Z आन्दोलनबाट क्षति भएका प्रयोग गर्न नसकिने सामाग्रीहरु नियमानुसार लिलामी प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

घ) यस तारकेश्वर नगरपालिकाको कार्यालयमा चमेना गृह संचालनका लागि बोलपत्र आब्हान गर्ने निर्णय गरियो।